# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८३/०८४

चलानी नं:-

मितिः- २०८३/०५/३०


सूचना

## गलकोट क्वीज कार्यक्रम सञ्चालनका लागि प्रस्ताव/आवेदन पेश गर्ने सम्बन्धी सूचना

गलकोट नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस नगरपालिकाअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको **ज्ञान, बौद्धिक क्षमता, सिर्जनशीलता, तर्कशक्ति तथा विषयगत सीप अभिवृद्धि** गर्ने उद्देश्यले **"गलकोट क्वीज"** कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक तथा योग्य **सामुदायिक रेडियो/रेडियो प्रसारण संस्थाहरूबाट** देहायबमोजिमको विवरणसहित प्रस्ताव/आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. कार्यक्रमको संक्षिप्त विवरण

- **कार्यक्रमको नामः** गलकोट क्वीज
- **लक्षित समूहः** गलकोट नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी
- **कार्यक्रमको स्वरूपः** साप्ताहिक क्वीज/प्रश्नोत्तर कार्यक्रम
- **प्रसारणः** प्रत्येक शनिवार
- **तहः** आधारभूत र माध्यमिक तहका लागि छुट्टाछुट्टै कार्यक्रम
- **मुख्य विषयः** गलकोटसम्बन्धी ज्ञान, सामान्य ज्ञान, विज्ञान, गणित, सामाजिक, भाषा, साहित्य, इतिहास, भूगोल, खेलकुद तथा समसामयिक विषय

**२. आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू**

- संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- रेडियो प्रसारण अनुमति/इजाजतपत्रको प्रतिलिपि।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- संस्थाको संक्षिप्त परिचय तथा कार्यक्रम सञ्चालन अनुभव।
- कार्यक्रमको प्रस्तावित कार्ययोजना तथा समयतालिका।
- अन्य आवश्यक कागजातहरू।

**३. आवेदन पेश गर्ने सम्बन्धी**

इच्छुक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङमा प्रस्ताव/आवेदन पेश गर्नुपर्नेछ।

२०८३/०५/३०
डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः- २०८३/०८४
चलानी नं:–

मितिः- २०८३/०५/२०

प्राप्त प्रस्तावहरूको मूल्याङ्कन प्राप्त प्रस्ताव तथा प्रचलित कानूनबमोजिम गरिनेछ। छनोट भएको संस्थासँग नगरपालिकाले आवश्यक सम्झौता गरी स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही "गलकोट क्वीज" सञ्चालन गरिनेछ।

**थप जानकारीका लागिः**

गलकोट नगरपालिका, बागलुङ

सम्पर्क नं.: ९८५७६६४८१११, ९८५७६६८९१११

इमेलः galkotmunicipality@gmail.com

२०८३/०५/२०

..............................

प्रमुख प्रशासकीय अधिकृत

डम्वर वहादुर जि.सी.

गलकोट नगरपालिका, बागलुङ